# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०३/२५ (संख्याः ५**

## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको ऐन नं. ५

### ऐनको नाम : छत्रकोट गाउँपालिकाको विपन्न विमा सम्बन्धी ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०३/२२**

प्रस्तावनाः

गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बिपन्न परिवारका बालबालिकाहरुको शिक्षा र स्वास्थ्य उपचारको लागि गाउँपालिकाको श्रोतबाट रकम जम्मा गरी विमा गरिदिने तथा बिमा कम्पनीसँग समझौता गर्ने लगायतको कानूनी व्यवस्थाको व्यवस्थापन, संचालन एवं नियमन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार

संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम छत्रकोट गाउँपालिका गाउँसभाले यो ऐन बनाइ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनलाई छत्रकोट गाउँपालिकाको विपन्न विमा सम्बन्धी ऐन, २०७६ भनिनेछ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकासित भएपछि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले छत्रकोट गाउँपालिकाको विपन्न विमा सम्बन्धी ऐन २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले बिमा सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले छत्रकोट गाउँपालिकाको गाउँ कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "बिपन्न परिवार" भन्नाले छत्रकोट गाउँपालिका भित्र तोकिएको न्यूनतम आयस्रोत भएका परिवारलाई सम्झनु पर्दछ ।

(ङ) "विमा समिति" भन्नाले यो ऐनको दफा ३ बमोजिम गठन भएको समितिलाई बुझाउँनेछ ।

(च) "बालबालिका" भन्नाले प्रचलित कानून बमोजिम नाबालक कायम हुने प्रचलित कानून बमोजिम उमेर नपुगेका बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(छ) "विमा कम्पनी" भन्नाले यस ऐन बमोजिमको विमा गर्न गराउन विमा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्झौता गरेको बिमा कम्पनीलाई सम्झनु पर्दछ ।

(ज) "तोकिए बमोजिम" भन्नाले यस ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले बनाएको नियम, कार्यविधि, निर्देशिका समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## विमा समिति तथा छनौट सम्बन्धी व्यवस्था

**३. विमा समितिको गठन :**

(१) गाउँपालिकामा एक विमा समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायबमोजिमका पदाधिकारी सदस्य रहनेछन् :

क) गाउँपालिकाको अध्यक्ष - पदेन अध्यक्ष

ख) गाउँ कार्यपालिकाले मनोनित गरेको गाउँ कार्यपालिकाका सदस्यहरुमध्येबाट एकजना महिला र एक जना पुरुष गरी दुईजना -सदस्य

ग) गाउँपालिकाले मनोनित गरेको गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवार मध्येबाट एकजना - सदस्य

घ) गाउँ कार्यपालिकाले खटाएको अधिकृत स्तरको एकजना कर्मचारी - सदस्य सचिव

**४. छनौट प्रक्रिया :**

(१) गाउँपालिकाका न्यून आय भएका परिवारको छनौट र बिमा गरिने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(२) छनौट गर्दा सम्बन्धित वडाको सिफारिसमा प्रक्रिया अगाडी बढाइनेछ ।

(३) छनौट प्रक्रिया पुरा गरेका मध्येहरुबाट समान आधारमा गाउँ कार्यपालिकाले बिमा गर्ने निर्णय गर्नेछ ।

(४) यसरी बिमा गर्न छनौट भएका बालबालिकाहरुको गाउँ कार्यपालिकाले छनौट गरेको बिमा कम्पनीमा विमा गराइनेछ र यसको प्रिमियम गाउँ कार्यपालिकाले भुक्तानी गर्नेछ ।

## परिच्छेद -३

## विविध

**५. गाउँपालिकाको दायित्व र कर्तव्य** : बिमा समितिबाट तोकिए बमोजिम छनौट भएका बिपन्न परिवारका बालबालिकाको लागि बिमा गर्न लाग्ने रकम गाउँ कार्यापालिकाले आफ्नो बजेटमा नियमित श्रोतको रुपमा व्यवस्था गर्नुपर्नेछ ।

**६. नियमावली र कार्यविधि बनाउन सक्ने** : यस ऐनको उद्देश्य प्रासिको लागि यो ऐन र प्रचलित संघीय एवं प्रादेशिक कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक विषयको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड समेत बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७६/०३/२५

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत